# मेलौली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प. सं. : २०७८/०८०
च. नं.

मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०७८/०८/२१

## विज्ञप्ती

प्रस्तुत विषय सम्बन्धमा यस मेलौली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नाम तथा फोटो समेत राखि मिति २०७८।०८।२१ गते सामाजिक सञ्जालमा जनजागरण मेलौली र आवाज विहिनहरु आवाज विहिनहरु नामक फेसबुक पेजहरुबाट विभिन्न तथ्यहीन कुराहरु पोष्ट गरिएको प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । नगरपालिकाले प्रचलित कानुन बमोजिम रितपुर्वक दरखास्त आह्वान गरी सञ्चालन गरेका परीक्षाको सम्बन्धमा भ्रामक, तथ्यहिन कुराहरु लेखी निम्न स्तरको तुच्छ भाषाशैली प्रयोग गरी पोष्ट गरीएको प्रति नगरपालिका घोर भर्त्सना गर्दछ । नगरपालिकाले जनशक्ती ब्यवस्थापनमा योग्यता प्रणालीको शिद्धान्तलाई पुर्ण रुपमा अवलम्बन गरेको कुरा सम्पुर्णमा जानकारी गराउन चाहन्छु । सार्वजनिक पद धारण गरेको ईमान्दार, परिवर्तनमुखी मनोबृत्ती भएको, सदाचार र सार्वजनिक जिवनका मुल्यहरु अनुरुप कर्तब्य निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारीका विरुद्धमा Fake ID बाट लगाएको आरोपले म लगायत नगरपालिका मर्माहित भएको छ । यस्तो कुकृत्य गर्ने जोसुकै लाई पनि कानुनको दायरामा ल्याएर कडा भन्दा कडा कारबाही गर्न नेपाल प्रहरी समक्ष यहि विज्ञप्ती मार्फत अनुरोध गर्दछु ।

.........................
भिम बहादुर चन्द
नगर प्रमुख

भीम बहादुर चन्द
नगर प्रमुख

ईमेल : ito.melaulimun@gmail.com
website : www.melaulimun.gov.np
फोन नं. ९८५८७८३९४०

"कृषि, पर्यटन र पुर्वाधार,
मेलौली विकासको मुलआधार"